निर्वाचन आयोग,नेपाल

इजलास

माननीय प्रमुख आयुक्त दिनेश कुमार थपलिया

माननीय आयुक्त इश्वरी प्रसाद पौड्याल

माननीय आयुक्त राम प्रसाद भण्डारी

माननीय आयुक्त डा.जानकी कुमारी तुलाधार

माननीय आयुक्त सगुन शम्सेर ज.व.रा.

## निर्णय/फैसला

संवत् २०७८ सालको विवाद निरुपण नं. ३/०७७-७८

मुद्दाः दलको आधिकारिकता।

जनता समाजवादी पार्टी,नेपाल नामक राजनीतिक दलको अध्यक्ष उपेन्द्र यादव.......... दावीकर्ता निवेदक

विरुद्ध

जनता समाजवादी पार्टी,नेपाल नामक राजनीतिक दलको अध्यक्ष महन्थ ठाकुर.. विपक्षी लिखितजवाफ प्रस्तुतकर्ता

राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ बमोजिम यस आयोगको अधिकारक्षेत्र भित्र रही इजलास समक्ष पेश हुन आएको प्रस्तुत विवादको संक्षिप्त तथ्य एवम् निर्णय यस प्रकार रहेको छ।

### तथ्यगत व्यहोरा

१. पार्टीको आधिकारिकता सम्बन्धी निवेदन व्यहोराः

जनता समाजवादी पार्टी, नेपालको विभिन्न मितिमा बसेको बैठकमा महन्थ ठाकुर अनुपस्थित रही बारम्बार बैठकको सूचनालाई समेत वेवास्ता गरी फरक सूचनाबाट वैठक स्थगित गर्ने गरी पार्टीको दैनिक कार्यदेखि आन्तरिक जीवन, राजनीतिक जीवन ठप्प पारी दलको गतिविधिमा दुरगामी प्रभाव र क्षति हुने गरी पार्टीलाई विभाजन गर्ने तहसम्मको कार्य गरेको साथै गुट उपगुट वनाइ विधान विपरीत कार्य गर्दै आएकोले यस्तो कार्यलाई रोक्न र पार्टीलाई कानूनसम्मत् ढंगले संचालन गर्न गराउन आवश्यक भएकोले राजनीतिक दल

सम्बन्धी ऐन,२०७३ को दफा ४३ को (ग) बमोजिम दलको आधिकारिकता आवश्यक भएकोले राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४(१) (२) (३) (४) (५) र (६) को प्रक्रिया पूरा गरी दल दर्ता हुँदाका बखतको विवादरहीत दलको बहुमत केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरु हाम्रो पक्षमा रहेकोले विवाद उत्पन्न हुनुभन्दा अघिको दलको हैसियतको मान्यता दिन पार्टीको आधिकारिकता सम्बन्धी विवादको निरुपण गरिपाउँ भनी मिति २०७८/३/४ मा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवको निवेदन माग दावी।

२. **आयोगको मिति २०७८/३/६ को निर्णय व्यहोराः**

जनता समाजवादी पार्टी, नेपालका तर्फबाट उक्त दलको केन्द्रीय कार्यकारिणी समितिको निर्णय र आवश्यक कागजात सहित राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ को खण्ड (ग) बमोजिम दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिता सम्बन्धी विवादको निरुपण गरिपाउँ भन्ने समेत व्यहोराको निवेदन मिति २०७८/३/४ मा दर्ता हुन आएकोले राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (२) बमोजिम निवेदन दावीका सम्बन्धमा लिखित जवाफ पेश गर्नको लागि त्यस्तो दावी तथा प्रमाणको प्रतिलिपि संलग्न गरी जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष महन्थ ठाकुर पक्षलाई १५(पन्ध्र) दिनको सूचना दिने र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भनि आयोगबाट मिति २०७८/०३/०६ मा भएको निर्णय बमोजिम लिखित जवाफ पेश गर्ने भनी जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष महन्थ ठाकुरलाई पत्राचार गरिएको।

३. **लिखित जवाफको संक्षिप्त व्यहोराः**

जनता समाजवादी पार्टी, नेपालका दुई जना अध्यक्षमा म लिखित जवाफ प्रस्तुतकर्ता महन्थ ठाकुर प्रथम वरियता क्रममा र दोश्रो वरियता क्रममा माननीय उपेन्द्र यादव हुनुहुन्थ्यो। मिति २०७८/२/१८ गतेको कार्यकारिणी समितिको बैठकको निर्णय बमोजिम उपेन्द्र यादवलाई पार्टीको साधारण सदस्यबाट समेत निष्काशन गरे पश्चात हालसम्म म लिखित जवाफ प्रस्तुतकर्ता महन्थ ठाकुर अध्यक्ष छु। निवेदकको दावी र राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ को (ग) मा उल्लेखित कानूनी व्यवस्था एक आपसमा मेल नखाएको हुँदा अस्पष्ट दावी प्रस्तुत गरी पेश भएको निवेदन प्रथम दृष्टि मै बदरभागी छ, खारेज गरी पाउँ। विपक्षीलाई बैठक बोलाउने तथा बैठकमा अनाधिकृत व्यक्तिहरुलाई केन्द्रीय कार्यकारिणी समितिको सदस्यको रुपमा भेला जम्मा गर्ने गराउने अधिकार समेत छैन। स्वयं विपक्षी निवेदकको उपस्थितिमा पार्टीको मिति २०७७/९/७ गते बसेको केन्द्रीय कार्यकारिणी समितको बैठकले छलफल गरी अव उप्रान्त केन्द्रीय कार्यकारिणी समितको बैठक दुवै जना अध्यक्षले सहमतिमा बोलाउन सक्नेछ वा पहिलो वरियताको अध्यक्षले आवश्यकता अनुसार बोलाउन सक्नेछ। बैठकबाट भएको निर्णय प्रमाणिकरण तथा पार्टीको आधिकारिक पत्राचारको अधिकार पहिलो वरियताको अध्यक्षलाई दिने भनी केन्द्रीय

कार्यकारिणी समितिको बैठक बोलाउने अधिकार मलाई दिइएको छ। मिति २०७८/२/१८ गतेको केन्द्रीय कार्यकारिणी समितको निर्णय बमोजिम विपक्षी निवेदक उपेन्द्र यादव यस दलको साधारण सदस्य समेत नरहेको अवस्थामा दलको आधिकारिकता सम्बन्धी विवाद उठाउने निज निवेदकलाई हकदैया नरहेको हुँदा विपक्षीको हकदैया विहीन दावी खारेज गरी पाउँ। निर्वाचन आयोगबाट भएको मिति २०७८/३/२० को निर्णयमा चित्त नबुझेको खण्डमा अन्य वैकल्पिक कानूनी उपचारको बाटो अपनाउन सकिनेमा सो तर्फ कुनै कानूनी कारवाही अगाडि नबढाई सोको विपरित पेश भएको दावी गैर कानूनी रहेकोले गैर कानूनी दावी खारेज गरी पाउँ। अनाधिकृत व्यक्तिहरुको उपस्थितिमा भएको भनिएको निर्णय कानूनी रुपमा (void) शुन्यप्रभावी छ। अनाधिकृत व्यक्तिहरुको कथित बैठकको निर्णयमा आधिकारिकताको दावी गर्ने अख्तियारी कसलाई प्रदान गरेको सम्बन्धमा केहि उल्लेख नभएको हुदा आफुखुसी एकल हस्ताक्षरबाट दावी गरी आएको निवेदन दावीको विषय वस्तुमा प्रवेश नै गर्न नमिल्ने हुँदा विपक्षीको दावी खारेजभागी छ, खारेज गरी पाउँ। मिति २०७८/२/३ देखि हेरफेर सहित मेरो अध्यक्षतामा कायम रहेको जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय कार्यकारिणी समिति नै आधिकारिक रहेको हुँदा यसलाई आधिकारिक मानी विपक्षीको हकदैया विहीन निवेदन खारेज गरी पाउँ। मिति २०७८/२/३ को हरेफेर सहितको निर्विवाद केन्द्रीय कार्यकारिणी समितिलाई आधिकारिकता प्रदान गरी पाउँ भन्ने समेत व्यहोराको जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष महन्थ ठाकुरबाट मिति २०७८/३/१३ मा लिखित जवाफ पेश भएको।

४. <u>अध्यक्ष महन्थ ठाकुरले पदाधिकारी हेरफेर गरी अद्यावधिकका लागि मिति २०७८/३/१ मा दिएको निवेदन र आयोगबाट मिति २०७८/३/१४ मा भएको निर्णयको व्यहोराः</u>

जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष महन्थ ठाकुरले राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ५१ र राजनीतिक दल सम्बन्धी नियमावली,२०७४ को नियम २५ को उपनियम (१) बमोजिम दलका पदाधिकारी हेरफेर गर्नु भएको जानकारी सोही नियमावलीको अनुसूची-१८बमोजिमको ढाँचाको निवेदन मिति २०७८/३/१ गते प्राप्त हुन आएकोमा उक्त निवेदनको विषयवस्तु र अध्यक्ष उपेन्द्र यादवले मिति २०७८/३/४ मा दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता सम्बन्धी विषयको निरुपण गर्न दिएको निवेदनको विषयबस्तु तात्विक रुपमा फरक नरही एक अर्कामा समेत अन्तरसम्बन्धित रहेको देखिन्छ। आधिकारिकता समेतको विषयको विवाद निरुपणका लागि अध्यक्ष उपेन्द्र यादव समेतले दावी पेश गरेको स्थितिमा उक्त पदाधिकारी हेरफेर सम्बन्धी विषयलाई विवाद निरुपणकै समयमा हेरिने नै हुँदा यस विषयको तथ्यमा प्रवेश गरिरहनु परेन। अतः जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष महन्थ ठाकुरको पदाधिकारी हेरफेर सम्बन्धी निवेदन माग बमोजिम अद्यावधिक गरिरहनु परेन। प्रस्तुत निर्णयको जानकारी निवेदकलाई दिने भनी आयोगबाट भएको निर्णय बमोजिमको जानकारी निवेदकलाई दिइएको।

निर्वाचन आयोग
नेपाल

५. **<u>आपसी सहमति वमोजिम विवाद निरुपण गर्न उपस्थित हुने भनि आयोगबाट भएको निर्णयः</u>**

जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलका अध्यक्ष उपेन्द्र यादवबाट पेश भएको निवेदन दावी उपर सोही पार्टीका अध्यक्ष महन्थ ठाकुरबाट लिखित जवाफ समेत पेश गरेको देखिँदा राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (४) बमोजिम आपसी सहमति बमोजिम विवाद निरूपण गर्ने प्रयोजनका लागि मिति २०७८/३/२१ गते सोमवार दिनको ११:०० बजे आयोगमा उपस्थित हुन दावीकर्ता र लिखित जवाफ प्रस्तुतकर्ता दुवै पक्षलाई सूचना दिई नियमानुसार गर्ने भनी आयोगबाट मिति २०७८/३/१४ मा भएको निर्णय बमोजिमको सूचना दुवै पक्षलाई दिइ पत्राचार गरिएको।

६. **<u>आपसी सहमति कायम हुन नसक्ने भनी दुवै पक्षले आयोगमा गरेको निर्णयः</u>**

जनता समाजवादी पार्टी, नेपालको आधिकारिकता दावी गरी आयोगमा निवेदन पेश गर्ने उपेन्द्र यादव पक्ष र सो उपर लिखित जवाफ पेश गर्ने महन्थ ठाकुर पक्षबीच राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (४) बमोजिम आपसी सहमतिमा विवाद निरुपण गर्ने प्रयोजनार्थ दुवै पक्षको उपस्थितिमा आयोगमा मिति २०७८/३/२२ मा भएको छलफलमा दुवै पक्षले आपसी सहमती कायम हुन नसक्ने भनाइ राखेकोले राजनीतिक दल सम्बन्धी ऐन र प्रचलित कानून बमोजिम विवाद निरुपण प्रकृया अघि बढाउन दुवै पक्ष मन्जुर भइ निर्णय समेत भएको मिसिल संलग्न रहेको देखिन्छ।

७. **<u>विवाद निरुपणको लागि सुनुवाइ गर्ने गरी भएको निर्णयः</u>**

जनता समाजवादी पार्टी,नेपाल नामक राजनीतिक दलको आधिकारिकता सम्बन्धी विवाद निरुपण गर्न राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४५ को उपदफा (२) बमोजिम प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया निर्वाचन आयुक्तहरु इश्वरी प्रसाद पौड्याल, राम प्रसाद भण्डारी, डा. जानकी कुमारी तुलाधर र सगुन शम्सेर ज.व.रा. रहेको इजलास कायम गर्ने। राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (६) र (७) बमोजिम सो दलको विवाद निरुपण गर्ने प्रयोजनका लागि सोही ऐनको दफा ४५ को उपदफा (१) बमोजिम सुनुवाइ गर्न सोही दफाको उपदफा (४) बमोजिम सम्बन्धित पक्षको अख्तियारी सहितको आधिकारिक प्रतिनिधि तोकी पठाउन र विवादका दुवै पक्षलाई मिति २०७८/४/३ गते दिनको ११:०० बजे सुनुवाइमा उपस्थित हुन सुचना दिनेएवम् राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४५ को उपदफा (३) बमोजिम सुनुवाईका लागि विवादका पक्षले आफ्नो कानून व्यवसायी मुकरर गरी इजलास समक्ष वहस पैरवी गराउन इच्छुक भएमा आफ्नो तर्फबाट कानून व्यवसायी मुकरर गरी पठाउन समेत जानकारी दिने भनी आयोगबाट मिति २०७८/३/२३ मा भएको निर्णय बमोजिम जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादव र महन्थ ठाकुरलाई पत्राचार गरिएको।

## ८. आयोगको मिति २०७८/४/३ को आदेश तथा पत्राचारको व्यहोराः

जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलका अध्यक्ष उपेन्द्र यादव दावीकर्ता/निवेदक तथा सोही पार्टीका अध्यक्ष महन्थ ठाकुर लिखित जवाफ प्रस्तुतकर्ता/विपक्षी भएको दलको आधिकारिकता सम्बन्धी विवाद निरुपण विवादमा आयोगको मिति २०७८/४/३ गते बसेको इजलासबाट जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादव निवेदक पक्ष र सोही पार्टीका अध्यक्ष महन्थ ठाकुर लिखित जवाफ प्रस्तुतकर्ता पक्षबाट बढिमा तीन/तीन जना कानून व्यवसायीलाई इजलासमा बहसमा सरिक गराउने कुराको जानकारी दुवै पक्षलाई गराउने, दुवै पक्षबाट तीन/तीन जना भन्दा बढि कानून व्यवसायीको वकालतनामा पेश भएमा बहस गर्ने र बहस नगर्ने कानून व्यवसायीबाट मिति २०७८/४/५ गते सम्म बहसनोट पेश गरिसक्ने विषयको जानकारी दुवै पक्षलाई गराउने, निवेदक पक्ष र लिखित जवाफ प्रस्तुतकर्ता पक्षलाई दुई/दुई घण्टा इजलासमा बहस गर्न समय निर्धारण गरिएको व्यहोरा जानकारी गराउने। लिखित जवाफ प्रस्तुतकर्ता महन्थ ठाकुरले केन्द्रीय कार्यकारिणी समिति फेरबदल गर्न पाउने गरी जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय कार्यकारिणी समितिले निज महन्थ ठाकुरलाई अधिकार दिएको मिति २०७७/९/७ गतेको केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारीको उपस्थिति सहितको निर्णयको सक्कल कागजात माग गर्ने, जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले सोही पार्टीका अध्यक्ष महन्थ ठाकुर, राजेन्द्र महतो, सर्वेन्द्रनाथ शुक्ल र लक्ष्मणलाल कर्णलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्काशन गर्ने गरी गरेको मिति २०७८/२/२० गतेको केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारीको उपस्थिति सहितको निर्णयको सक्कल कागजात माग गर्ने, जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष महन्थ ठाकुरले सोही पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्काशन गर्ने गरी गरेको मिति २०७८/२/३० गतेको केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारीको उपस्थिति सहितको निर्णयको सक्कल कागजात माग गर्ने, जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले आयोगमा पार्टीको आधिकारिकता सम्बन्धमा विवाद निरूपण गरी पाउँ भनी मिति २०७८/३/४ गते पेश गरेको निवेदन बमोजिमको मिति २०७८/३/३ को केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारीको उपस्थिति सहितको निर्णयको सक्कल कागजात माग गर्ने, जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष द्वय महन्थ ठाकुर र उपेन्द्र यादवले मिति २०७८/२/८ र ९ गते बैठक गर्ने गरी मिति २०७८/२/४ मा गरेको निर्णयको सक्कल कागजात माग गर्ने, उपरोक्त प्रमाण निवेदक पक्ष र लिखित जवाफ प्रस्तुतकर्ता पक्षलाई मिति २०७८/४/५ गते कार्यालय समयभित्र आयोगमा पेश गरिसक्न जानकारी गराउने, निवेदक पक्ष र लिखित जवाफ प्रस्तुतकर्ता पक्षबाट विवाद निरूपणको सुनुवाईको लागि तारेखमा बस्न तोकिई पठाईएका आधिकारिक प्रतिनिधिहरूलाई २०७८/४/६ गते दिनको १०:०० बजे तारेख तोकी जनाउ दिने, जनता समाजवादी पार्टी, नेपालको विवाद निरूपण सम्बन्धी फाइल, सो

दलको अद्यावधिकका सम्बन्धमा आयोगले मिति २०७८/२/३० मा गरेको निर्णयको सक्कल फाइल र सो दल दर्ता हुँदाका बखत र सो पछि आयोगमा भएका पत्राचार सहितको सक्कल फाइल मिति २०७८/४/६ गते साथै राखी पेश गर्ने भन्ने समेत व्यहोराको आदेश बमोजिम जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र महन्थ ठाकुरलाई पत्राचार गरिएको।

मिति २०७८/४/३ गते यस इजलासबाट भएको आदेशको प्रकरण नं १० को तेस्रो हरफमा १०:०० बजेपछि "पेशी" शब्द हुनुपर्नेमा सो शब्द कम्प्युटर टाइपिङको कारणबाट छुट हुन गएकोले सो प्रकरणको सो हरफको १०:०० बजेपछि भन्ने शब्दको पछाडि "पेशी" शब्द कायम गर्ने र उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट अर्थात मिति २०७८/४/७ गतेका दिन सोही समयमा इजलास समक्ष पेश गर्ने गरी आदेश संशोधन गरिदिएको छ। संशोधित आदेशको जानकारी सम्बन्धित पक्षहरूलाई दिने भन्ने समेत व्यहोराको मिति २०७८/४/४ गते भएको आदेश बमोजिम जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र महन्थ ठाकुरलाई पत्राचार गरिएको।

९. <u>निवेदक उपेन्द्र यादव पक्षका कानून व्यवसायीले पेश गरेको बहसनोटको व्यहोरा:</u>

विपक्षीको आधिकारिकताको सवै भन्दा ठुलो प्रमाण मिति २०७७/९/७ को केन्द्रीय कार्यकारिणी समितको निर्णयलाई मानिएको छ। सो मितिमा विपक्षी महन्थ ठाकुरलाई केन्द्रीय कार्यकारिणी समितको हेरफेर तथा पुर्नगठन गर्ने अधिकार पार्टीको पहिलो वरियातका अध्यक्षका रुपमा दिएको भनिएको छ। उक्त व्यवस्था विधानको सवैभन्दा लोकतान्त्रिक र सर्वसम्मत बहुमतको निर्णय सवैलाई मान्य हुने व्यवस्था विपरित छ। यसले विधानमा व्यवस्था भएको सामुहिक नेतृत्व र लोकतान्त्रिक अकेन्द्रियताको संगठनात्मक सिद्धान्त समेतलाई लत्याई एक जना व्यक्तिलाई मात्रै अधिकारको केन्द्रीकृत अभ्यासमा लगिदिने कार्य भएको छ। यो निर्णय भएकै होइन र विधान सम्मत पनि छैन। एक जना अध्यक्षमा पार्टीको अधिकार केन्द्रिकृत गर्ने विधान विपरीतको निर्णय हुन सक्दैन। मिति २०७७/९/७ मा भएको निर्णयको सक्कल महन्थ ठाकुरले लुकाई उक्त सक्कलका अन्तिम निर्णयका पानामा आफु खुशी तीन थरी फन्ट बाट व्यहोरा लेखी पाना थप गरेको देखिन्छ। मिति २०७७/९/७ को प्रेस विज्ञप्तिमा कहिकतै एउटा अध्यक्षलाई एकलौटी अधिकार प्रदान गरिएको उल्लेख गरिएको छैन। निर्वाचन आयोगमा समेत सो निर्णय अभिलेखको लागि राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ५१ वमोजिम तोकेको म्याद तिस दिन भित्र जानकारी गराइएको छैन। जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादव पक्षसंग केन्द्रीय कार्यकारिणी समिति र संसदीय दलमा समेत बहुमत रहेकोले जनता समाजवादी पार्टी,नेपालका अध्यक्ष उपेन्द्र यादव पक्षलाई निवेदन माग बमोजिम दलको आधिकारिकता कायम गरि पाउँ भन्ने समेत व्यहोराको निवेदक उपेन्द्र यादव पक्षको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ताहरु महादेव प्रसाद यादव, हरिहर दाहल, मिथिलेश कुमार सिंह, बोर्ण बहादुर कार्की, रमण कुमार श्रेष्ठ र विद्वान अधिवक्ताहरु सुनिल

कुमार पोखरेल, दिपक राई, नारायण खरेल, विरेन्द्र कुमार ठाकुर, ओम नारायण श्रेष्ठ, कृष्ण प्रसाद शर्मा र आशा राई समेतले मिति २०७८/३/८ गते पेश गरेको बहसनोट।

१०. <u>लिखित जवाफ प्रस्तुतकर्ता महन्थ ठाकुर पक्षका कानून व्यवसायीले पेश गरेको वहसनोटको व्यहोराः</u>

राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (६) वमोजिम प्रमाणको आधारमा मिति २०७७/९/७ को केन्द्रीय कार्यकारिणी समितिको वैठकको निर्णय अनुसार अख्तियारप्राप्त पहिलो वरियताको अध्यक्ष महन्थ ठाकुरद्वारा मिति २०७८/२/३ मा गर्नु भएको हेरफेर सहितको केन्द्रीय कार्यकारिणी समितको विवरण आयोगमा विवाद पर्नु अघि मिति २०७८/३/१ मा पेश भइसकेको हुदा सो प्रमाण बमोजिम उक्त निवेदनलाई मान्यता प्रदान गरी पाउँ। मिति २०७८/३/४ मा पेश भएको दावीमा चालिस प्रतिशत पदाधिकारी सदस्यको हस्ताक्षर नै नभएको दावी राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (१) बमोजिम आधिकारिकता दावी गर्ने पक्षले दलको केन्द्रीय कार्यकारिणी समितिको चालीस प्रतिशत सदस्यको हस्ताक्षर सहित दावी गर्नु पर्नेमा उपेन्द्र यादवको एकल हस्ताक्षरबाट दायर भएको निवेदन इजलासमा पेश भएको छैन। आयोगमा पेश भएको मिति २०७७/९/७ को वैठकको निर्णय बाहेक सो वैठकको अन्य निर्णय विपक्षीबाट पेश नभएको हुनाले सो निर्णयमा अन्यथा मान्नु नपर्ने भएकोले उक्त निर्णयको आधारमा भएको हेरफेर सहितको केन्द्रीय कार्यकारिणी समितको मान्यता प्रदान गरी गैरकानूनी दावी खारेज गरी न्याय इन्साफ प्रदान होस भन्ने समेत व्यहोराको लिखित जवाफ प्रस्तुतकर्ताको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ताहरु प्रकाश बहादुर के.सी., बिजयकान्त मैनाली, सुरेन्द्र कुमार महतो र विद्वान अधिवक्ताहरु इश्वरी प्रसाद भट्टराई, केदार प्रसाद कोइराला, ओम प्रकाश सिंह समेतले गर्नु भएको वहस एवम् मिति २०७८/३/८ मा पेश गर्नु भएको बहसनोट।

११. <u>जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दल एकीकरण भै दर्ता हुदाका बखतको केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी र सदस्यको विवरणः</u>

साविकका "राष्ट्रिय जनता पार्टी" र "समाजवादी पार्टी" नामक राजनीतिक दल, राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा १० बमोजिम एक आपसमा सम्झौता गरी प्रचलित कानूनले तोकेका सम्पुर्ण प्रकिया पुरा गरी मिति २०७७/३/२४ मा जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दल आयोगमा दर्ता भई सोको सूचना नेपाल राजपत्रमा मिति २०७७/४/१२ मा प्रकाशन समेत भएको देखिन्छ। सो दलले दल दर्ता हुदाका बखत पेश भएको विधान, केन्द्रीय कार्यकारिणी समिति एवम् सो समितिका पदाधिकारी र सदस्यहरुको नाम नामेसि सहितको विवरण आयोगमा अभिलेख रहेको देखिएको छ। सो दल एकीकरण भै दल दर्ता हुदाको बखतको केन्द्रीय कार्यकारिणी समितिमा रहेका पदाधकारी र सदस्यहरुको नाम र पद देहाय बमोजिम रहेको देखिन्छ।

निर्वाचन आयोग नेपाल २०७३

देहाय

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | महन्थ ठाकुर | अध्यक्ष, केन्द्रीय कार्य समिति |
| २ | उपेन्द्र यादव | अध्यक्ष, केन्द्रीय कार्य समिति |
| ३ | अशोक राई | वरिष्ठ नेता |
| ४ | डा.बाबुराम भट्टराई | वरिष्ठ नेता |
| ५ | राजेन्द्र महत्तो | वरिष्ठ नेता |
| ६ | महेन्द्र राय यादव | कार्यकारिणी सदस्य |
| ७ | शरत सिंह भण्डारी | कार्यकारिणी सदस्य |
| ८ | अनिलकुमार झा | कार्यकारिणी सदस्य |
| ९ | राजकिशोर यादव | कार्यकारिणी सदस्य |
| १० | सर्वेन्द्र नाथ शुक्ल | कार्यकारिणी सदस्य |
| ११ | वृषेश चन्द्र लाल | कार्यकारिणी सदस्य |
| १२ | गोविन्द चौधरी | कार्यकारिणी सदस्य |
| १३ | जीतेन्द्र प्रसाद सोनार | कार्यकारिणी सदस्य |
| १४ | उमाकान्त झा | कार्यकारिणी सदस्य |
| १५ | चन्दा चौधरी | कार्यकारिणी सदस्य |
| १६ | लक्ष्मण लाल कर्ण | कार्यकारिणी सदस्य |
| १७ | मृगेन्द्र कुमार सिंह यादव | कार्यकारिणी सदस्य |
| १८ | नवलकिशोर साह | कार्यकारिणी सदस्य |
| १९ | मनिष कुमार सुमन | कार्यकारिणी सदस्य |
| २० | राजकुमार लेखी | कार्यकारिणी सदस्य |
| २१ | अमृता देवी अग्रहरी | कार्यकारिणी सदस्य |
| २२ | रेशमलाल चौधरी | कार्यकारिणी सदस्य |
| २३ | रामनरेश राय यादव | कार्यकारिणी सदस्य |
| २४ | केशव कुमार झा | कार्यकारिणी सदस्य |
| २५ | अकवाल अहमद शाह | कार्यकारिणी सदस्य |
| २६ | राजेन्द्र प्रसाद श्रेष्ठ | कार्यकारिणी सदस्य |
| २७ | नवराज सुवेदी | कार्यकारिणी सदस्य |

| | | |
|---|---|---|
| २८ | परशुराम खापुङ्ग | कार्यकारिणी सदस्य |
| २९ | युवराज कार्की | कार्यकारिणी सदस्य |
| ३० | रकम चेम्जोङ | कार्यकारिणी सदस्य |
| ३१ | रेणु कुमारी यादव | कार्यकारिणी सदस्य |
| ३२ | मो. लालबावु राउत | कार्यकारिणी सदस्य |
| ३३ | हिसिला यमी | कार्यकारिणी सदस्य |
| ३४ | हेमराज राई | कार्यकारिणी सदस्य |
| ३५ | गंगानारायण श्रेष्ठ | कार्यकारिणी सदस्य |
| ३६ | रणध्वज कन्दङ्गवा | कार्यकारिणी सदस्य |
| ३७ | रामसहाय प्रसाद यादव | कार्यकारिणी सदस्य |
| ३८ | डम्मरु बल्लभ खतिवडा | कार्यकारिणी सदस्य |
| ३९ | दान बहादुर विश्वकर्मा | कार्यकारिणी सदस्य |
| ४० | प्रकाश अधिकारी | कार्यकारिणी सदस्य |
| ४१ | मो. इस्तियाक राई | कार्यकारिणी सदस्य |
| ४२ | दुर्गा सोब | कार्यकारिणी सदस्य |
| ४३ | परशुराम बस्नेत | कार्यकारिणी सदस्य |
| ४४ | प्रशान्त सिंह | कार्यकारिणी सदस्य |
| ४५ | भक्त बहादुर शाह | कार्यकारिणी सदस्य |
| ४६ | सुशीला श्रेष्ठ | कार्यकारिणी सदस्य |
| ४७ | विजय कुमार यादव | कार्यकारिणी सदस्य |
| ४८ | निर्जला राउत | कार्यकारिणी सदस्य |
| ४९ | रमेश प्रसाद यादव | कार्यकारिणी सदस्य |
| ५० | सुनिल कुमार झा (सुनिल रोहित) | कार्यकारिणी सदस्य |
| ५१ | गजाधर रोहीता यादव | कार्यकारिणी सदस्य |

१२. **आयोगको मिति २०७८/३/७ को आदेशको व्यहोराः**

जनता समाजवादी पार्टी,नेपाल नामक राजनीतिक दलका अध्यक्ष उपेन्द्र यादव दावीकर्ता/निवेदक तथा सोही पार्टीका अध्यक्ष महन्थ ठाकुर लिखित जवाफ प्रस्तुतकर्ता/विपक्षी भएको दलको आधिकारिकता सम्बन्धी विवाद निरुपण मुद्दामा आयोगको मिति २०७८/४/३ गतेको इजलासबाट मिति २०७८/२/३० मा जनता समाजवादी

पार्टी, नेपालको विवरण अद्यावधिक गर्ने सम्बन्धमा भएको निर्णयबाट राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ को उपनियम (६) बमोजिम सो दलको पदाधिकारीको विवरण साविककै कायम रहने गरी निर्णय भई उक्त निर्णय अन्तिम रहिरहेको परिप्रेक्ष्यमा साविकका समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी नेपाल नामक दुई दलहरू एकीकरण भै गठन भएको जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दल दर्ता गर्ने सम्बन्धमा आयोगमा मिति २०७७/३/१२ गतेका दिन प्रस्तावित केन्द्रीय पदाधिकारी तथा सदस्यहरूको सनाखत भई जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दल मिति २०७७/३/२४ मा दर्ता भएको देखिँदा प्रस्तुत दलको आधिकारिकता सम्बन्धी विवाद निरूपण गर्ने प्रयोजनको लागि केन्द्रीय कार्यकारिणी समितिका सदस्य स्वयं उपस्थित भई सनाखत गर्नुपर्ने देखिएकोले सनाखत गर्नका लागि दल एकीकरण हुँदाका बखत सनाखत गरेका केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरूलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४४ को उपदफा (६) बमोजिम मिति २०७८/४/११ गते सोमबारका दिन दिनको ११:०० बजे आ-आफ्नो परिचय खुल्ने नागरिकताको सक्कल प्रति वा मतदाता परिचयपत्रको सक्कल प्रति लिई स्वयं यस आयोगमा उपस्थित हुनको लागि दुवै पक्षलाई जानकारी गराउने, उपस्थित भएका केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरूलाई कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखाका प्रमुख श्री यज्ञ प्रसाद भट्टराईको संयोजकत्वमा अन्य कर्मचारी समेत संलग्न भई निजहरूको सक्कल नागरिकता प्रमाणपत्रको प्रति वा सक्कल मतदाता परिचयपत्रको प्रति हेरी रूजु गरी निजहरू निवेदक पक्षमा रहेको वा लिखित जवाफ प्रस्तुतकर्ता पक्षमा रहेको प्रष्ट देखिने गरी कानून बमोजिम सनाखत गराई रजिष्टर प्रमाणित गरी पेश गर्ने, उल्लिखित कार्यहरू सम्पन्न गरी इजलास समक्ष पेश गर्ने र प्रस्तुत मुद्दाको निर्णय फैसला सुनाउने प्रयोजनको लागि मिति २०७८/४/११ गतेको जनाउ तारेख तोकी दुवै पक्षका आधिकारिक प्रतिनिधिहरूलाई दिने भन्ने समेत व्यहोराको आदेश बमोजिम जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र महन्थ ठाकुरलाई सोही बमोजिम पत्राचार गरिएको।

१३. <u>आयोगको मिति २०७८/३/७ को आदेश बमोजिम मिति २०७८/३/११ गत भएको सनाखतको व्यहोराः</u>

आयोगको मिति २०७८/४/७ को आदेशले मिति २०७८/२/३० मा जनता समाजवादी पार्टी, नेपालको विवरण अद्यावकिक गर्ने सम्बन्धमा राजनीतिक दल सम्बन्धी नियमावली,२०७४ को नियम २५ को उपनियम (६) बमोजिम सो दलको पदाधिकारीको विवरण साविककै कायम रहने गरी निर्णय भई उक्त निर्णय अन्तिम रहिरहेको परिप्रेक्षयमा साविकका समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी, नेपाल नामक दुई दलहरु एकीकरण भई गठन भएको जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दल दर्ता गर्ने सम्बन्धमा आयोगमा मिति २०७७/३/१२ गतेका दिन प्रस्तावित केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरुको सनाखत भई जनता समाजवादी पार्टी, नेपाल नामक

राजनीतिक दल मिति २०७७/३/२४ मा दर्ता भएको देखिदा प्रस्तुत दलको आधिकारिकता सम्बन्धी विवाद निरुपण गर्ने प्रयोजनको लागि केन्द्रीय कार्यकारिणी समितिका सदस्य स्वयं उपस्थित भई सनाखत गर्नु पर्ने देखिएकोले सनाखत गर्नका लागि दल एकीकरण हुदाका बखत सनाखत गरेका केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरुलाई राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (६) बमोजिम मिति २०७८/४/११ गते जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलको केन्द्रीय कार्यकारिणी समितिमा रहेका पदाधिकारी र सदस्यहरुको कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा सनाखत गराउदा जिम्मेवारी दिए अनुसार मिति २०७८/४/११ गते ११:०० बजे देखि कार्यालय समय भित्र सनाखत गराउदा जनता समाजवादी पार्टी,नेपालको केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी एवम् सदस्यहरुको संख्या ५१ (एकाउन्न) जना रहेकोमा सनाखत गर्न तोकिएको अवधिभित्र ५१(एकाउन्न) जना सबै सदस्य उपस्थित भई निवेदक मागदावीकर्ता उपेन्द्र यादवको समर्थनको पक्षमा ३४ (चौतीस) जनाले र लिखित जवाफ प्रस्तुतकर्ता महन्थ ठाकुरको समर्थनको पक्षमा १६(सोह्र) जना सदस्यले सनाखत गरेको र केन्द्रीय कार्यकारिणी समितिमा रहनु भएका एक जना सदस्यले कुनै पक्षमा सनाखत नगरी तटस्थ रहेको विवरण कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा प्रमुख यज्ञराज भट्टराईले प्रमाणित गरी इजलास समक्ष पेश गरेको।

## आयोगको निर्णय

१४. नियम बमोजिम पेशी चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत विवादको फाइल कागजात अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री महादेव प्रसाद यादव, श्री हरिहर दाहाल, श्री बोर्ण बहादुर कार्की, श्री मिथिलेस कुमार सिंह, श्री मुक्ति प्रधान, श्री रमण कुमार श्रेष्ठ र विद्वान अधिवक्ताहरु श्री सुनिलकुमार पोखरेल, श्री दिपक राई, श्री नारायण खरेल, श्री वीरेन्द्र कुमार ठाकुर र श्री कृष्ण प्रसाद शर्मा समेत र लिखित जवाफ प्रस्तुतकर्ता पक्षबाट विद्वान वरिष्ठ अधिवक्ताहरु श्री लक्ष्मणलाल कर्ण, श्री प्रकाशबहादुर के.सी., श्री विजयकान्त मैनाली, श्री सुरेन्द्र कुमार महतो र विद्वान अधिवक्ताहरु श्री इश्वरी प्रसाद भट्टराई, श्री केदार प्रसाद कोइराला र श्री ओम प्रकाश सिंह समेतका कानून व्यवसायीले गर्नु भएको तर्कधार सहितको विद्वतापूर्ण वहस जिकिर सुनियो। दुवै पक्षबाट पेश हुन आएका लिखित बहसनोटका विषयबस्तुहरु समेत अध्ययन गरियो। निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको निवेदन दावी, लिखित जवाफ लगायत फाईल संलग्न कागजात र बहसनोटमा औल्याएका कुरा समेतलाई अध्ययन विश्लेषण गर्दा प्रस्तुत विवादमा इजलासबाट मुलतः निम्न प्रश्नहरुको निरुपण गर्नुपर्ने देखिन आएको छः-

निर्वाचन आयोग
नेपाल
२०२३

(क) निवेदक पक्षले राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ को खण्ड (ग) वमोजिम दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता सम्बन्धी विवाद निरुपण गरी पाउ भनी पेश गरेको निवेदन राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (१) वमोजिम छ, छैन ? र सो निवेदनबाट आयोगले विवाद निरुपणको विषयभित्र प्रवेश गरी निर्णय गर्न मिल्छ मिल्दैन ?

(ख) जनता समाजवादी पार्टी, नेपालको मिति २०७७/९/७ को केन्द्रीय कार्यकारिणी समितिको निर्णयबाट अध्यक्ष महन्थ ठाकुरलाई आवश्यकता अनुसार वैठक बोलाउने, निर्णय प्रमाणिकरण गर्ने, पार्टीको आधिकारिक पत्राचारको अधिकार दिने र केन्द्रीय कार्यकारिणी समितिको हेरफेर तथा पुर्नगठन गर्ने समेतको अधिकार प्रत्यायोजन गरिएको भन्ने निर्णयको आधारमा महन्थ ठाकुरले केन्द्रीय कार्यकारिणी समितिमा गरेको हेरफेरको विवरण राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ५१ बमोजिम अद्यावधिक गर्न मिल्ने हो, होईन ?

(ग) जनता समाजवादी पार्टी,नेपालको केन्द्रीय कार्यकारिणी समितिको निर्णयको आधिकारिकता सम्बन्धी विवादमा निवदक पक्ष र लिखित जवाफ प्रस्तुतकर्ता पक्षमध्ये कुन पक्षलाई कुन आधार, प्रमाण र कानूनबाट विवाद उत्पन्न हुनु अघिको दलको मान्यता दिनु पर्ने हो ?

जनता समाजवादी पार्टी, नेपालको मान्यता सम्बन्धी विवादको मागदावीमा उठाइएका र निर्णय गर्नु पर्ने हुन आएका माथिका प्रश्नहरुको तथ्य एवम् अन्तरवस्तुमा प्रवेश गरी देहाय बमोजिमको निर्णय हुने ठहर्छ ।

१५. अब आयोगले निरुपण गर्नु पर्ने पहिलो प्रश्न तर्फ विचार गरी हेर्दा राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ को खण्ड (ग) मा एउटै दलका दुई वा दुई भन्दा बढी पक्षहरु वीच दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकताको विषयमा विवाद उत्पन्न भएमा त्यस्तो विवादको निरुपण राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ बमोजिम आयोगबाट हुने व्यवस्था रहेको छ। ऐ. ऐनको दफा ४४ को उपदफा (१) मा...दलको पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता सम्बन्धी विवाद भए त्यस्तो पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता दावी गर्ने पक्षले दलको केन्द्रीय समितिको चालीस प्रतिशत सदस्यको हस्ताक्षर सहित विवाद प्रारम्भ भएको तीस दिन भित्र आयोग समक्ष आधार तथा प्रमाण सहित दावी पेश गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत विवादमा जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले मिति २०७८/३/३ को केन्द्रीय कार्यकारिणी समितिको निर्णय सहित केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्हरु सहित जम्मा ३० (तीस) जनाको हस्ताक्षर सहित

निर्वाचन आयोग
नेपाल
२०७३

केन्द्रीय कार्यकारिणी समितिको चालीस प्रतिशत भन्दा बढी सदस्यको हस्ताक्षर संलग्न गरी आयोगमा राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ को खण्ड (ग) बमोजिम दलको आधिकारिकताको लागि ऐ. ऐनको दफा ४४ बमोजिमको प्रकृया पुरा गरी विवाद उत्पन्न हुनु अघिको दलको रुपमा मान्यता दिन मिति २०७८/३/४ मा पेश भएको निवेदन दावीमा अध्यक्ष उपेन्द्र यादवको मात्र दस्तखत छ, यस्तो वेरितको निवेदनको आधारमा सुनुवाइ गरी निर्णय गर्न मिल्दैन भनी लिखित जवाफकर्ताको तर्फबाट रहनु भएका विद्वान कानून व्यवसायीबाट इजलास समक्ष वहस जिकिर भएको र विवादका सम्बन्धित पक्षबाट औपचारिक रुपमा लिखित जवाफमा समेत प्रश्न उठाएको देखिदा यस सम्बन्धमा केहि व्यहोरा उल्लेख गर्नु आवश्यक र सान्दर्भिक देखिन्छ ।

१६. राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४५ को उपदफा (५) ले यस परिच्छेद बमोजिम विवादको सुनुवाइ गर्दा यस दफाको व्यवस्थाको अतिरिक्त आयोगले अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्ने र उपदफा (६) ले यस दफा सम्बन्धी सुनुवाइ सम्बन्धी अन्य व्यवस्था तोके बमोजिम हुनेछ भन्ने व्यवस्था गरेपनि दलको मान्यता सम्बन्धी विवाद निरुपणमा एकरुपता र सहजताका लागि त्यस सम्बन्धी ढाँचा एकिन नभएको अवस्थामा एक जना व्यक्तिले दस्तखत गरी मागदावीको निवेदन साथ ३० (तीस) जना केन्द्रीय कार्यकारिणी समितिका सदस्यको दस्तखत संलग्न गरी पेश गरेको निवेदन मागदावी प्रति प्रारम्भिक अवस्थामा नै अविश्वास वा शंका गर्नुपर्ने कुनै युक्तियुक्त कारण नदेखिदा यस्तो अवस्थाको निवेदनलाई वेरितको मागदावी भनी अस्विकार गर्न मिल्ने देखिएन। राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (१) वमोजिम केन्द्रीय समितिको निर्णयको आधिकारिकता सम्बन्धी विवाद भए दावी गर्ने पक्षले दलको केन्द्रीय समितिको कम्तिमा चालीस प्रतिशत सदस्यको हस्ताक्षर सहित विवाद प्रारम्भ भएको मितिले तीस दिनभित्र आयोग समक्ष आधार तथा प्रमाण सहित दावी पेश गर्न सक्ने भएकोले मागदावीको निवेदनका सवै पानामा सवै निवेदकको दस्तखत सहितको सहीछाप छैन भन्ने नितान्त झिनो मसिनो प्राविधिक कारण देखाएर राजनीतिक दलको मान्यता सम्बन्धी विवादको निरुपण गर्न इन्कार गर्नु कानूनतः अव्यहारिक र अनपयुक्त देखिन्छ। यस्तो अवस्थामा दलको आधिकारिकता सम्बन्धी मागदावी परेपछि आयोगले निवेदकबाट मागदावी बमोजिम पेश गरेका कुराको सनाखत कागज गराउनु पर्दथ्यो भन्ने सुझावलाई आयोगले कार्यविधि बनाई अनुसरण गर्नु उपयुक्त नै हुने हुन्छ। उपरोक्त आधारमा उक्त माग दावीको निवेदन कानून सम्मत नै रहेको हुँदा अन्यथा मान्नु पर्ने देखिएन। यसरी दलको मान्यता सम्बन्धी विवाद निरुपण प्रयोजनार्थ दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता सम्बन्धी विवादको प्रश्न उठान भै आयोगमा प्रबेश गरेको माग दावी निवेदनलाई निरुपण गर्ने अधिकार राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ ले आयोगलाई प्रदान गरेको देखिदा विवादको

निर्वाचन आयोग
नेपाल
२०२३

निरुपण गर्ने अधिकारक्षेत्र आयोगकै भएकोले सो विषयमा आयोगले निर्णय दिनु पर्ने नै देखिन्छ।

१७. अध्यक्ष उपेन्द्र यादवले मिति २०७८/२/१७ मा पार्टीका अध्यक्ष महन्थ ठाकुर सहित केन्द्रीय कार्यकारिणी समितिका चार जना पदाधिकारी एवम् सदस्यहरुलाई र सोही पार्टीका अर्का अध्यक्ष महन्थ ठाकुरले मिति २०७८/२/१८ मा अध्यक्ष उपेन्द्र यादवलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी निष्कासन गरी राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ५१ बमोजिम दलका पदाधिकारीको विवरण अद्यावधिक गर्नका लागि आयोगमा निवेदन दिएकोमा आयोगबाट मिति २०७८/२/३० मा सो विषयमा निर्णय हुदा निवेदन माग बमोजिम पदाधिकारीको विवरण अद्यावधिक गर्न मिलेन, तसर्थ दलको केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारीको विवरण साविककै कायम रहने भनी गरेको निर्णय अन्तिम भई बसेको देखिन्छ। अध्यक्ष उपेन्द्र यादवले मिति २०७८/२/१७ मा केन्द्रीय कार्यकारिणी समितिले गरेको निर्णय अद्यावधिक गर्न आयोगमा निवेदन गरेकोमा सो विषयमा आयोगले मिति २०७८/२/३० मा निर्णय गरी दलका अध्यक्ष लगायतका पदाधिकारीलाई निष्कासन गर्ने गरी गरेको निर्णयको आधारमा अद्यावधिकको लागि आएको निवेदन राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ५१ बमोजिम पदाधिकारीको हेरफेरको विषयसंग सम्बन्धित नदेखिएको हुदा अद्यावधिक गर्न मिलेन भनी आयोगबाट भएको निर्णयको जानकारी अध्यक्ष उपेन्द्र यादवलाई दिइएकोमा उक्त जानकारीलाई हदम्यादको प्रारम्भ विन्दु मानी मिति २०७८/३/४ मा राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (१) वमोजिमको दावी लिई निवेदन पेश गर्ने सम्मको कार्यको लागि अनुपयुक्त भन्न मिल्ने देखिएन।

१८. अब दोश्रो प्रश्न तर्फ विचार गर्दा जनता समाजवादी पार्टी, नेपालको मिति २०७७/९/७ गतेको केन्द्रीय कार्यकारिणी समितिको वैठकको निर्णयले अध्यक्ष महन्थ ठाकुरलाई आवश्यकता अनुसार वैठक बोलाउने, निर्णय प्रमाणिकरण गर्ने, पार्टीको केन्द्रीय कार्यकारिणी समितिको हेरफेर तथा पुर्नगठन गर्ने समेतको अधिकार प्रत्यायोजन गरेको भनी सोही प्रत्यायोजित अधिकारको प्रयोग गरी अध्यक्ष महन्थ ठाकुरले मिति २०७८/२/३ गतेदेखि लागु हुने गरी केन्द्रीय कार्यकारिणी समितिको पुर्नगठन तथा हेरफेर गरिएको हो भनी जिकिर लिएको पाईयो। नेपालको संविधानको धारा २६९ को उपधारा (४)(क) ले राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनु पर्दछ भनी स्पष्ट शब्दमा व्यवस्था गरेको छ। नेपालको संविधानको उक्त व्यवस्थालाई राजनीतिक दल सम्बन्धी ऐन,२०७३ ले आत्मसाथ गरी दलको गठन, दल दर्ता, दलको विधान, दलको संगठनात्मक संरचना, दलको सदस्यता, अनुशासनात्मक कारवाही, पुनरावेदन सुन्ने संयन्त्र, निर्देशन र आचारसंहिता, दलको लेखा र लेखापरीक्षण एवम् दलले आयोगलाई जानकारी गराउने विषयका अतिरिक्त अन्य धेरै कुराहरु प्रष्टसंग उल्लेख गरेको छ। तर राजनीतिक दलको विधान लोकतान्त्रिक भएर मात्र पुग्दैन प्रयोग र पालना पनि तदनुसार

निर्वाचन आयोग
नेपाल
२०२३

लोकतान्त्रिक विधि र प्रकृयाबाट गरिनुपर्छ। संविधानले अगाडि सारेका मुलभुत मुल्य मान्यता, राजनीतिक दल सम्बन्धी कानूनले निर्दिष्ट गरेका कुरा र दलको विधानमा उल्लेखित प्रावधानलाई दलका पदाधिकारीले आफु अनुकुल, आफ्नो सुविधा अनुसार व्याख्या र प्रयोग गरेर दलका गतिविधिहरु संचालन गर्न खोज्यो भने दलको आन्तरिक लोकतन्त्र खलबलिने मात्र नभई दलभित्रै समाधान हुन सक्ने दलका झिनामसिना कुरामा पनि आयोगमा आईरहनु पर्ने अवस्था सिर्जना हुन्छ। राजनीतिक दलको संचालनमा नेपालको संविधान र राजनीतिक दल सम्बन्धी ऐन,२०७३ महत्वपुर्ण कानूनी दस्तावेज भएपनि निर्वाचन आयोगबाट स्वीकृत राजनीतिक दलको विधान नै राजनीतिक दलको संचालनमा महत्वपुर्ण र उपयोगी कानूनी आधार हुने हुदा राजनीतिक दलहरुले आफ्नो दलको विधानको पालना अक्षरश भएको छ कि छैन भन्ने कुराको निरुपण स्वयं आफैले पनि गर्नु पर्दछ। दुई वा दुई भन्दा बढी दल बीच वा एउटै दलका दुई वा दुई भन्दा बढि पक्षहरु बीच दलको नाम, दलको छाप, विधान, झण्डा वा चिन्ह, दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकता सम्बन्धी विवादको निरुपण आयोगबाट हुनेछ भन्नुको तात्पर्य यसको अन्तिम निर्णय आयोगबाट हुने कुराको सुनिश्चितता हो। यस्तो विवादमा सम्बन्धित दलको विधानमा भएको व्यवस्थाको पुर्ण पालना भई विधान बमोजिका प्रावधानले निर्देश गरे मुताविकका गर्नुपर्ने सवै प्रयासहरु गर्दा पनि विवाद कायमै रहेमा आधिकारिकता दावी गर्ने पक्षले सवै व्यहोरा खोली आयोगमा निवेदन लिई आउने मार्गलाई खुल्ला रुपमा छाडिदिएको देखिन्छ।

१९. जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलको मिति २०७७/९/७ मा भएको निर्णयको सक्कल रजिष्टर माग गरी हेर्दा जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय कार्यकारिणी समितिको हेरफेर तथा पुर्नगठन गर्ने अधिकार पार्टीको पहिलो वरियताका अध्यक्ष महन्थ ठाकुरलाई प्रदान गर्ने, केन्द्रीय कार्यकारिणी समितको वैठक दुवै जना अध्यक्षले सहमतिमा बोलाउने वा पहिलो वरियताको अध्यक्षले आवश्यकता अनुसार बोलाउन सक्ने र वैठकबाट भएको निर्णय प्रमाणीकरण तथा पार्टीको आधिकारिक पत्राचारको अधिकार पहिलो वरियताको अध्यक्षलाई दिने भनी गरेको निर्णय कम्पयुटर टाईपबाट तयार गरी सो निर्णयको शिर र पुछारमा अध्यक्ष महन्थ ठाकुरले हस्ताक्षर गरेको देखियो। सोही निर्णयका आधारमा अध्यक्ष महन्थ ठाकुरले मिति २०७८/२/३ देखि लागु हुने गरी केन्द्रीय कार्यकारिणी समितिमा हेरफेर र पुर्नगठन गरेको विवरण राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ५१ वमोजिम अद्यावधिक गरी दिनका लागि मिति २०७८/३/१ गते आयोगमा जानकारी गराएको देखियो।

२०. जनता समाजवादी पार्टी,नेपालको अन्तरिम विधान,२०७७ को धारा १८ मा केन्द्रीय कार्यकारिणी समितिमा दुई अध्यक्ष रहने व्यवस्था गरेको देखिन्छ। सो दलको विधानमा दुई अध्यक्ष रहने व्यवस्था गरिएको देखिएको तर पहिलो वरियता र दोस्रो वरियताको अध्यक्ष भनी तोकेको नदेखिएको साथै सोही विधानको धारा ६३ मा केन्द्रीय समितिले आवश्यक

ठानेमा वरियता क्रम तोक्न सक्नेछ भन्ने व्यवस्था गरेपनि सो बमोजिम निर्णय भएको देखिदैन। जनता समाजवादी पार्टी, नेपालको अन्तरिम विधान,२०७७ को धारा १९ को उपधारा (२) को (क) मा दुई अध्यक्ष विच कार्यविभाजन गरी केन्द्रीय समितिको अध्यक्षको हैसियतामा पार्टी कामको नेतृत्व गर्ने व्यवस्था रहेको देखिन्छ। विधानको उक्त व्यवस्थाको आधारमा जनता समाजवादी पार्टी, नेपालको मिति २०७७/९/७ को बैठकले एक जना अध्यक्ष महन्थ ठाकुरलाई महत्वपुर्ण अधिकार दिएको तर अर्का अध्यक्ष उपेन्द्र यादवको अधिकारको विषयमा कुनै निर्णय भएको नपाईएकोले यस्तो कार्यविभाजनलाई विधानको व्यवस्था बमोजिम भएको भन्न मिल्ने देखिएन। साथै जनता समाजवादी पार्टी, नेपालको अन्तरिम विधान, २०७७ तथा केन्द्रीय कार्यकारिणी समितिका कुनै पनि निर्णयबाट कुन अधिकार कस्ले कसरी प्रत्यायोजन गर्छ ? र दुई अध्यक्षको काम, कर्तव्य र अधिकारको प्रष्टसँग बाँडफाँड र सिमा के के हुन? भनी उल्लेख गरिएको देखिदैन। जनता समाजवादी पार्टी, नेपालको २०७७/९/७ गते बसेको केन्द्रीय कार्यकारिणी समितिको निर्णय भनी सोही दिन दुवै अध्यक्षको दस्तखतबाट सावर्जनिक गरिएको प्रेश विज्ञप्तिमा अध्यक्ष महन्थ ठाकुरलाई प्रत्यायोजन गरिएको उक्त अधिकार बारे प्रेश विज्ञप्तिमा कुनै कुरा उल्लेख नहुनुलाई संयोग मात्र मान्न सकिएन। आयोगबाट पदाधिकारीको विवरण अद्यावधिक गर्ने सम्बन्धी कारवाहिको सिलसिलामा मिति २०७८/२/१९ र मिति २०७८/२/२१ को पत्रबाट पदाधिकारी हेरफेर भएको विवरण राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ को उपनियम (१) बमोजिम सोही नियमावलीको अनूसूची-१८ बमोजिमको ढाँचामा तयार गरी उपलब्ध गराईदिन जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष महन्थ ठाकुरलाई पत्राचार गरिएकोमा सो बमोजिमको विवरण उपलब्ध नगराइएको तर आयोगबाट मिति २०७८/२/३० गते जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलको पदाधिकारीको विवरण साविककै कायम रहने भनी निर्णय गरेपछि उक्त निर्णयमा कुनै असहमति नजनाई मिति २०७८/२/३ गते देखि लागु हुने गरी हेरफेर तथा पुर्नगठन गरिएको केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारीको विवरण भनी आयोग समक्ष मिति २०७८/३/१ गते जानकारीका लागि पेश भएको विषयलाई पनि स्वाभाविक रुपमा लिन मिलेन। साथै जनता समाजवादी पार्टी, नेपालका दुवै अध्यक्षले दस्तखत गरी मिति २०७८/२/४ गते सार्वजनिक गरिएको प्रेस विज्ञप्ति र यसपछि दुवै पक्षबाट भएका छुट्टा छुट्टै बैठक र निर्णयहरु, मिति २०७८/३/५ गते प्रचार विभाग प्रमुख डम्वर खतिवडाले दस्तखत गरी जारी गरेको प्रेस विज्ञप्ति तथा मिति २०७८/३/६ गते केन्द्रीय कार्यालय प्रमुख प्रकाश अधिकारीले दस्तखत गरी निर्वाचन आयोगमा पेश गराएको जानकारी पत्रका व्यहोरालाई समेत नजरअन्दाज गर्न सकिने देखिएन।

२१. प्रमाण ऐन,२०३१ को दफा ३ मा अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा र त्यस्तो कुरा संग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुन्छ र सम्बद्ध कुरा भन्नाले मुद्दामा ठहर गर्नु पर्ने

निर्वाचन आयोग
नेपाल
२०६३

कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता हुने कुरालाई सम्झनु पर्दछ भन्ने कानूनी व्यवस्था भएको देखिन्छ। राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४३ मा ..एउटै दलका दुई वा दुई भन्दा बढी पक्षहरु बीच दलको नाम, दलको छाप, विधान, झण्डा वा चिन्ह, दलका पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितको निर्णयको आधिकारिकता सम्बन्धी विवादको निरुपण गर्ने कानूनी व्यवस्था रहेको छ। ऐ. ऐनको दफा ५१ को उपदफा (१) मा दलले आफ्नो नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हमा भएको परिवर्तन वा संशोधन पदाधिकरीको हेरफेर र आयोगले तोके बमोजिमका अन्य विषयको जानकारी तीस दिनभित्र आयोगलाई दिनु पर्नेछ भन्ने कानूनी व्यवस्था छ। सोही ऐनको उपदफा (२) मा उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि आयोगले तत्सम्बन्धमा आवश्यक अध्ययन र जाँचबुझ गर्दा त्यस्तो काम कारवाही संविधान, यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र दलको विधान बमोजिम भए गरेको पाइएमा नाम, विधान, नियम, छाप, झण्डा वा चिन्हका हकमा त्यसको अभिलेख राख्नु पर्नेछ र पदाधिकारी हेरफेर भएको भए तोकिए बमोजिम अद्यावधिक गरी राख्नु पर्नेछ भन्ने व्यवस्था छ। यस व्यवस्थाले कुनै पनि राजनीतिक दलको उपरोक्त अनुसारको विवरण आयोगबाट अभिलेखिकरण भएपछि मात्र प्रमाणको रुपमा लिन सकिने कुरा स्पष्ट गरेको देखिन्छ। जनता समाजवादी पार्टी,नेपालको अन्तरिम विधान,२०७७ मा स्पष्टसँग सम्बोधन नभएको व्यवस्थालाई केन्द्रीय कार्यकारिणी समितिले अधिकार प्रत्यायोजन गरी सिर्जना गरेको अधिकार अन्तर्गत भनी अध्यक्ष महन्थ ठाकुरले मिति २०७८/२/३ गतेका दिन देखि लागु हुने गरी पदाधिकारीको हेरफेर तथा पुर्नगठन गर्ने गरी गरेको निर्णय राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ५१ बमोजिम भनी मिति २०७८/३/१ मा आयोगमा जानकारी गराएको देखिएको तर सो निर्णयको अभिलेख आयोगमा अद्यावधिक नभएको हुँदा सो निर्णयलाई प्रमाण ऐन,२०३१ को दफा ३ समेतको आधारमा प्रमाणको रुपमा ग्रहण गरी थप विवेचना गरिरहन परेन। यसर्थ सो दलको मिति २०७७/९/७ को केन्द्रीय कार्यकारिणी समितिबाट भएको भनिएको निर्णय बमोजिम अध्यक्ष महन्थ ठाकुरले प्रत्यायोजित अधिकार प्रयोग गरी मिति २०७८/२/३ देखि लागु हुने गरी सो दलको केन्द्रीय कार्यकारिणी समितिको हेरफेर तथा पुर्नगठन गर्ने गरी गरेको कार्यलाई राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ५१ बमोजिम अद्यावधिक गर्न मिल्ने देखिएन।

२२. अब तेश्रो प्रश्नतर्फ विचार गर्दा,राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (६) बमोजिम आयोगले ऐ. ऐनको दफा ४४ को उपदफा (१) र (३) बमोजिमको दावी, लिखित जवाफ र प्रमाणसहितको आधारमा मात्र कुनै एक पक्षलाई मान्यता दिन सकिने रहेछ भने सोही बमोजिम मान्यता दिने व्यवस्था भएकोमा माथि विवेचित तथ्य, आधार ,कारण एवम् प्रमाणको आधारमा मात्र कुनै एक पक्षलाई मान्यता दिन सक्ने देखिएन। त्यसैले साविकका "समाजवादी पार्टी" र "राष्ट्रिय जनता पार्टी", नेपाल नामक राजनीतिक दलहरु एकीकरण भई गठन भएको जनता समाजवादी पार्टी, नेपाल

नामक राजनीतिक दल दर्ता गर्दाका बखत आयोगमा मिति २०७७/३/१२ मा सो दलका प्रस्तावित केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरुको सनाखत भई जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दल मिति २०७७/३/२४ मा दर्ता भई प्रकरण नं ११ मा उल्लिखित पदाधिकारी तथा सदस्यहरु केन्द्रीय कार्यकारिणी समितिमा रहेको देखिएको र तत्पश्चात सो दलमा कुनै पनि केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारीको पुर्नगठन तथा हेरफेर गरिएको विवरण अद्यावधिक गरी आयोगमा अभिलेख गरिएको देखिदैन। आयोगको मिति २०७८/४/७ को आदेश वमोजिम मिति २०७८/४/११ मा सो दलको केन्द्रीय कार्यकारिणी समितका पदाधिकारी र सदस्यहरुको कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा सनाखत गराउने कार्य सम्पन्न भई इजलास समक्ष पेश हुन आएको सो सनाखत कागजमा जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी एवम् सदस्यहरुको संख्या ५१ (एकाउन्न) रहेकोमा ५१ (एकाउन्न) जना सबै पदाधिकारी एवम् सदस्य उपस्थित भई निवेदक मागदावीकर्ता उपेन्द्र यादवको सर्मथनको पक्षमा ३४ (चौतीस) जनाले र लिखित जवाफ प्रस्तुतकर्ता महन्थ ठाकुरको सर्मथनको पक्षमा १६ (सोह) जनाले सनाखत गरेको देखियो। साथै केन्द्रीय कार्यकारिणी समितिमा रहनु भएका एक जना सदस्य आयोगमा उपस्थित भई कुनै पक्षमा सनाखत नगरी तटस्थ रहेको देखियो ।

२३. लोकतान्त्रिक शासन व्यवस्थामा वहुमतको निर्णयलाई सर्वोपरी मान्नुपर्ने मुल्य मान्यता रहेको पाईन्छ। त्यसैगरी राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (६) मा आयोगमा दावी पेश गर्नु अघि त्यस्तो दलका तर्फबाट आयोगमा पेश भएको केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरु मध्ये जुन पक्षसंग त्यस्तो समितिका पदाधिकारी र सदस्यको वहुमत रहेको छ त्यस्तो पक्षलाई विवाद उत्पन्न हुनु अघिको दलको हैसियतमा मान्यता दिई अर्को पक्षलाई छुट्टै राजनीतिक दलको रुपमा मान्यता दिई दर्ता गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ। जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलको केन्द्रीय कार्यकारिणी समितिको तत्काल कायम रहेका कुल ५१ सदस्य संख्या मध्ये बहुमत सदस्य निवेदक उपेन्द्र यादव पक्षको सर्मथनमा रहेको देखिदा उक्त पक्षले नै दलको मान्यता पाउने देखियो। लिखित जवाफ प्रस्तुतकर्ता अर्को पक्षलाई राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (६) बमोजिम छुट्टै राजनीतिक दलको रुपमा दर्ता गर्न आएमा प्रचलित कानून वमोजिम छुट्टै राजनीतिक दलको रुपमा मान्यता दिई दर्ता गरिदिने ठहर्छ।

२४. अतः उल्लिखित तथ्य, कानून एवम् प्रमाण समेतको आधारमा जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलका अध्यक्ष उपेन्द्र यादव पक्षसंग केन्द्रीय कार्यकारिणी समितिमा रहेका पदाधिकारी र सदस्यहरुको वहुमत संख्या रहेको देखिदा सो दलले यस अघि आयोगमा जानकारी गराइएका तत् तत् विषयमा आयोगले मिति २०७८/२/३० मा गरेको निर्णय बमोजिम हुने र सो बाहेकका विषयमा यहि निर्णय बमोजिम हुने हुदा यस

निर्णयमा ठहर भएका विषयवस्तु समेत मनन गरी अब उप्रान्त मिति २०७८/३/४ को निवेदन दावीको आधारमा राजनीतिक दल सम्बन्धी ऐन,२०७३ को दफा ४४ को उपदफा (६) बमोजिम मान्यता प्राप्त जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलले दलका गतिविधि संचालन गर्न पाउने ठहर्छ। अरुमा तपसिल वमोजिम गर्नु।

<u>तपसिल</u>

(१) प्रस्तुत निर्णयको जानकारी दुवै पक्षलाई दिनु ।

(२) प्रस्तुत विवाद निरुपणको निवेदनको लगत कट्टा गरी फाईल राजनीतिक दल शाखामा बुझाई दिनु।

(३) प्रस्तुत विवाद निरुपणको सम्बन्धमा झिकाइएका सक्कल रजिष्टर एवम् कागजात सम्बन्धित दलका आधिकारिक प्रतिनिधिलाई बुझाईदिनु।

सगुन शम्सेर ज.ब.रा  डा.जानकी कुमारी तुलाधर  राम प्रसाद भण्डारी  ईश्वरी प्रसाद पौड्याल  दिनेश कुमार थपलिया

इति संवत् २०७८ साल श्रावण ११ गते रोज २ शुभम् ........................................